# श्री सिमरहवा डाँडा सामुदायिक वन उपभोक्ता समूह

बाँसगढी-४,मदाहा, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०५।१० गते यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व २०८२।०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय वर्दियाको च.न.३५२ र ३५३ ,मिति २०८३।०४।२७ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्दीमा रहेको निम्न परिमाणको गोलिया काठ ।दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना श्री मिसन टुडे राष्ट्रिय दैनिक पत्रीका,प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

(१) वन पैदावारको विवरण :

लट नं.१ (२०८२।०८३)

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | खयर | N | ७३ | ७५.०३ | १००० | ७५०३० | १४४ | १०८०४.३२ | |
| जम्मा | | | ७३ | ७५.०३ | १००० | ७५०३० | १४४ | १०८०४.३२ | |

लट नं.२ (२०८२।०८३)

| सि.न. | जात | किसिम | चट्टा थान | परिमाण | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | साल | दाउरा | २ | २ | १२००० | २४००० | १०९०० | २१८०० | |
| ५ | अन्य | दाउरा | १५ | १५ | ४००० | ६०००० | १०९०० | १६३५०० | |
| जम्मा | | | १७ | १७ | १६००० | ८४००० | २१८०० | १८५३०० | |

(२) जम्मा बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०५।३० गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०५।३१ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक लि. बाँसगढी शाखामा रहेको खाता नं.४१४०१००१००४७५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

(४) बोलपत्र फारम लट १ को रु ३००/- र लट २ को रु ३००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।३१ गते यस समुहको कार्यालयमा दिउँसो १.०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा सो को लगतै भोलिपल्ट खोलिनेछ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको बन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक बन उपभोक्ता समूहमा निहित रहनेछ।